# आर्थिक वर्ष २०७८/७९ को

# बजेट तथा कार्यक्रम

## विहादी गाउँपालिका

### पर्वत जिल्ला

## गण्डकी प्रदेश

२०७८/०३/१०

विहादी गाउँपालिका

# बजेट वक्तव्य

**नमस्कार**

विहादी गाँउपालिकाको आठौं गाँउसभाका सभाध्यक्ष महोदय ज्यू,
गाँउ सभाका सदस्य ज्यूहरु,
उपस्थित कर्मचारीहरु,
पत्रकार ज्यूहरु,
तथा अन्य महानुभाव ज्यूहरु,

विहादी गाउँपालिकाको आठौ गाउँसभामा यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरका कारण सृजित विषम परिस्थितिका बिच नागरिकको जीवनरक्षा गर्दै सामाजिक विकास, आर्थिक विकास ,पुर्वाधार विकास लगायतका विकास निर्माणका कार्य अगाडि बढाउने तथा गाँउपालिकाको अर्थतन्त्रलाई गतिशील तुल्याउने दृढ विश्वासका साथ विहादी गाँउकार्यपालिकाको तर्फबाट म यस गरिमामय गाँउसभा समक्ष आर्थिक बर्ष २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

- बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडि देशको व्यवस्था परिवर्तनको लागि आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात-अज्ञात अमर शहिदहरुलाई स्मरण गर्दै भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । कोभिड १९ को महामारी र अत्याधिक बर्षातका कारण बाढि पहिरो गई ज्यान गुमाएका सबै नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै कोरोनाबाट संक्रमित सबै नागरिकमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । बाढी पहिरो पिडितहरुलाई सान्तवना व्यक्त गर्न चाहान्छु।

- लोकतान्त्रिक अभ्यास, सामाजिक मूल्य मान्यता र न्यायमा आधारित समाज र समृद्ध गाँउपालिका निर्माण गर्नका लागि नेपालको नियम कानुनबमोजिम जनप्रतिनिधिज्यूहरु, विज्ञ,निजिक्षेत्र र नागरिकका अपेक्षा र सुझावलाई ध्यान दिँदै कोभिड-१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुन: गतिशील र चलायमान बनाउन अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत र साधनको परिचालन गरि सेवा, उत्पादन, रोजगारी अभिबृद्धि र दिगो विकासलाई अगाडि बढाउने लक्ष्य लिएको छु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व. को ११ महिनाको पालिकागत प्रगतिको विवरण तयार गरि पेश गरेको छु। चालु आ.व.को जेष्ठ मसान्त सम्म कुल विनियोजनको ४९.१४ प्रतिशत बजेट खर्च भएको छ। जुन अघिल्लो बर्षको सोही अवधिको तुलनामा ०.१५ प्रतिशत बढि हो। कुल खर्च मध्ये चालु तर्फ ६२.४९ प्रतिशत र पुँजिगत तर्फ ३१.२३ प्रतिशत रहेको छ। श्रोत व्यवस्थापन तर्फ चालु आ.व.को जेष्ठ मसान्त सम्मको अवधिमा ८७.७९ प्रतिशत प्राप्त हुन आएको छ। यो विवरण वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई समेटेर बनाइएको हो ।

**आ.व. २०७७/७८ मा सम्पन्न कार्यक्रम**

मिति २०७८ जेष्ठ मसान्त सम्मको खर्च को अवस्था

| | जेष्ठ सम्मको बजेट | खर्च | बाँकी मौज्दात | कैफियत |
|---|---|---|---|---|
| चालु तर्फ | ६,३५,००,०००/- | ४,०१,४३,३६६।३३ | २,३३,५६,६३३।६७ | |
| पूँजिगत तर्फ | १२,६६,१०,०००/- | ५,६५,७३,६८६।६७ | ७,००,३६,३१३।३३ | |
| सशर्त अनुदान | २४,५६,२४,०८०/- | ११,९१,०४,०८५।०५ | १२,६५,१९,९९४।९५ | |
| प्रदेश बिशेष अनुदान | ५०,००,०००/- | ७,५७,९०४।- | ४२,४२,०९६।- | |
| कुल जम्मा | ४३,५७,३४,०८०/- | २१६५७९०४२।०५ | २२,४१,५५,०३७।९५ | |

यसरी बाँकी बजेट मध्ये गाउँ कार्यपालिका र गाँउसभाको निर्णय बमोजिम स्विकृत कार्यक्रम बमोजिमका बाँकि खर्च शिर्षकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि ऐन २०७६, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली २०७७, लगायत्त प्रचलित कानुन बमोजिम खर्च गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०७८/७९ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु।

बजेटका उदेश्यहरु निम्न अनुसार रहेका छन।

- कोभिड-१९ को महामारीबाट प्रताडित नागरिकहरुको जीवन रक्षा गरि जनजीवनलाई सामान्यिकरण गर्नु।
- संघीय संरचनाको बलियो आधार निर्माणका लागि गाँउपालिकाको भूमिका थप प्रभावकारी बनाउनु ।
- सुशासन,विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता , मितव्ययिता र उत्तरदायित्व कायम गरि सरकारी खर्चको उपलब्धि बढाउनु ।

➢ उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गर्दै प्राप्त प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गर्नु।
➢ आर्थिक-सामाजिक र भौतिक पुर्वाधारहरुको विकास तथा निर्माणलाई तिव्रतम दिनु ।
➢ अन्तरपालिका , प्रदेश र संघबिच सुमधुर सम्बन्ध कायम गरि समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउनु।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथामिकता निर्धारण गरेको छु।

❖ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय ,पारदर्शी ,सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि गरिने ।
❖ समन्वय सहकार्य र एकताको भावना अनुसार गाँउपालिकाका काम कारबाही अगाडि बढाइने ।
❖ स्वास्थ्य पुर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरि समग्र स्वास्थ्य क्षेत्रको सुदृढिकरण गरिने ।
❖ कृषि तथा पशु क्षेत्रको आधुनिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरिने ।
❖ भौतिक पुर्वाधार विकासमा जोड दिँदै अधुरा तथा क्रमागत योजनाहरुलाई सम्पन्न गर्ने तथा पुर्वाधार विकास निर्माणका नँया योजनाहरुलाई बिशेष प्राथमिकता दिइने ।
❖ संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्य र समन्वयलाई जोड दिइने ।
❖ स्मार्ट पिपुल अफ स्मार्ट गाँउपालिकामा जोड दिँदै डिजिटल डिभाइडलाई न्यूनिकरण गरिने ।
❖ कृषि एम्बुलेन्स संञ्चालन गरिने ।
❖ कृषक बचतकोष सञ्चालन गरिने ।
❖ अपाङ्ग स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिने ।
❖ शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाई शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिइने ।
❖ प्राकृतिक सम्पदाको संरक्षण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरि विकास निर्माणका कार्यहरु सञ्चालन गरिने ।

**श्रद्धेय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

अब म विहादी गाउँपालिकाले आ.व. ०७८/७९ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ कोभिड १९ को महामारी रोकथाम तथा नियन्त्रण कार्यको लागि यथेष्ठ बजेट विनियोजन गरिएको छ ।
- ✓ विहादी गाउपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न भएको र कृषि तथा पशुविकास क्षेत्र नै प्रत्येक नागरिकको घरमा सरकार पुग्ने माध्यम भएको हुँदा कृषि र पशुविकासलाई उच्च प्राथमिकतामा राखि परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिमा विविधिकरण, यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ बजेट विनियोजन गरिएको छ ।
- ✓ जेष्ठ नागरिक, आधुनिकिकरण महिला बालबालिका अपाङ्ग सिमान्तकृत लोपोन्मुख राज्यको पहुँचबाट पछि परेका क्षेत्रका नागरिकलाई बिशेष महत्व दिइ लैङगिक समानता सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणलाई जोड दिदै बजेट बिनियोजन गरिएको छ।
- ✓ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, पर्यटन, भाषा, संस्कृति युवा तथा खेलकुदको लागि यथेष्ठ बजेट बिनियोजन गरिएको छ ।
- ✓ पुर्वाधार बिकासतर्फ यस आ.व. मा सिँचाइ, सडक, भवन निर्माण तथा मर्मत को लागि यथेष्ठ बजेट विनियोजन गरिएको छ ।
- ✓ प्राकृतिक प्रकोपले जन, धनको क्षति पुर्याउन सक्ने हुँदा अब यस्ता क्षति रोक्न तथा तत्काल राहत तथा उद्दार सम्बन्धि आवश्यक कार्यका लागि रकम बिनियोजन गरिएको छ ।

**आदरणिय सदस्यज्यूहरु**

अब म आ.व. ०७८/७९ को आय व्ययको अनुमानित बिवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

## आय तर्फ :

- नेपाल सरकारबाट प्राप्त बित्तीय समानीकरण अनुदानतर्फ रु ७,९९,००,०००/- ( ७ करोड ९९ लाख),
- संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु ५,००,९८,०००/- ( ५ करोड ९८ हजार ),
- संघीय सरकार सशर्त अनुदानतर्फ रु २१,६३,००,०००/-( २१ करोड ६३ लाख ),
- गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानतर्फ रु ८४,५१,०००/- ( ८४ लाख ५१ हजार ),
- प्रदेश सरकार राजस्व बाँडफाँडतर्फ २६,४६,०००/- ( २६ लाख ४६ हजार ),
- संघीय सरकारबाट प्राप्त बिशेष अनुदानतर्फ रु ८४,००,०००/- ( चौरासी लाख मात्र ),

- मालपोत रजिष्ट्रेशन बाँडफाँड शुल्कबाट रु ३,००,०००/- (३ लाख ),
- आन्तरिक आयतर्फ कर सेवा शुल्क र दस्तुर गरि जम्मा रु २०,१५,०००/- ( २०लाख १५ हजार),
- कालिगण्डकी जल विद्युत रोयल्टीबाट जम्मा रु ५६,५१,९९०/- ( ५६ लाख ५१ हजार ९ सय ९० ),
- वन रोयल्टी जम्मा रु ७,७०१/- (७ हजार ७ सय १ ),
- बाँडफाँड बाट प्राप्त हुने दहत्तर बहत्तर शुल्क जम्मा रु १०,००,०००/- (१० लाख ),
- गत आ.व.मा अ.ल्या. हुन बाँकी रकम रु १,९६,९७,१६३/- ( १ करोड ९६ लाख ९७ हजार ०१ सय ६३ ),
- चालु आ.व.को अनुमानित अ.ल्या. रकम रु ३,८३,०२,८३७/- ( ३ करोड ८३ लाख २ हजार ०८ सय ३७ ),

**जम्मा कुल आय रु ४३,२७,६९,६९१ ।- ( ४३ करोड २७ लाख ६९ हजार ६ सय ९१ मात्र)** अनुमान गरिएको छ ।

## व्यय तर्फ

**चालु खर्च तर्फ : ( ५६.६९ प्रतिशत )**

- सशर्त अनुदानको चालु खर्च रु १९,३२,००,०००।०० ( उन्नाइस करोड बत्तिस लाख रुपैयाँ ) र
- वित्तिय समानिकरण तर्फको अनुसूचि ३ मा उल्लेख भए बमोजिमका चालु खर्च रु ५,२१,४०,६९१।०० (पाँच करोड़ एक्काइस लाख चालिस हजार छ सय एकानब्बे रुपैयाँ मात्र) गरि

**जम्मा रु २४,५३,४०,६९१।०० ( २४ करोड ५३ लाख ४० हजार ६ सय ९१ रुपैयाँ मात्र)**

**पुँजिगत खर्च तर्फ : ( ४३.३१ प्रतिशत )**

- संघिय सरकार विशेष अनदान रु ८४,००,०००/- (~~पचास~~ चौरासी लाख रुपैयाँ मात्र)
- वित्तीय समानीकरण तर्फको १३,०९,२९,०००/- ( १३ करोड ०९ लाख २९ हजार रुपैयाँ मात्र) तथा
- क्रमागत योजनामा उल्लेख भए बमोजिमका पुँजिगत खर्च तथा कृयाकलापमा २,५०,००,०००/- ( २ करोड ५०लाख )
- शशर्त अनुदानको पुँजिगत खर्च रु २,३१,००,०००/-( २ करोड ३१ लाख मात्र ) गरि

जम्मा रु १८,७४,२९,०००/- ( १८ करोड ७४ लाख २९ हजार रुपैयाँ मात्र )

विहादी गाउँपालिका

<u>क्षेत्रगत बजेट अनुमान</u>

| क्र.सं. | क्षेत्र | स्पष्टिकरण | बजेट रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **पुर्वाधार विकास** | | **६ करोड ५८ लाख** | **५०.२५** | |
| १ | भवन आवास तथा सहरी विकास | | १ करोड ५० लाख | २२.८० | |
| २ | यातायात पुर्वाधार | | २ करोड ९० लाख | ४४.०७ | |
| ३ | जलस्रोत, सिँचाई लगायत अन्य पूर्वाधार | | १ करोड ३३ लाख | २०.२१ | |
| ४ | भैपरि आउने योजना तथा अन्य | | ८५ लाख | १२.९२ | |
| **ख** | **आर्थिक विकास** | | **२ करोड १३ लाख ७० हजार** | **१६.३२** | |
| [illegible] | उद्योग | | ५ लाख | २.३४ | |
| २ | वन | | १ लाख | ०.४७ | |
| ३ | कृषि | | १ करोड ३७ लाख ५० हजार | ६४.३४ | |
| ४ | पर्यटन | | १५ लाख | ७.०२ | |
| ५ | पशुंपक्षी विकास | | ५० लाख २० हजार | २३.४९ | |
| ६ | सहकारी | | ५ लाख | २.३४ | |
| **ग** | **सामजिक विकास** | | **२ करोड ४८ लाख ९९ हजार** | **१९.०२** | |
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | | ३४ लाख ५० हजार | १३.८५ | |
| २ | शिक्षा युवा तथा खेलकुद | | १ करोड २२ लाख १७ हजार | ४९.०७ | |
| [illegible] | स्वास्थ्य | | ५५ लाख ८२ हजार | २२.४२ | |
| ४ | महिला तथा बालबालिका | | २३ लाख ५० हजार | ९.४४ | |
| ५ | बालमैत्री शासन | | १३ लाख | ५.२२ | |
| **घ** | **सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र** | | **९० लाख ६० हजार** | **६.९२** | |
| १ | कानून तथा न्याय | | १२ लाख २० हजार | १३.४७ | |
| २ | तथ्याङक प्रणली | | ५० हजार | ०.५५ | |
| ३ | प्रशासकीय सुशासन | | ३ लाख | ३.३१ | |
| ४ | पञ्जिकरण | | ९० हजार | ०.९९ | |
| ५ | प्रधानमन्त्री रोजगार | | ६० लाख | ६६.२३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वातावरण तथा जलवायु | | १ लाख | १.१० | |
| ७ | सुचना तथा सञ्चार | | ८ लाख | ८.८३ | |
| ८ | विस्तृत अध्ययन प्रतिवेदन | | ५ लाख | ५.५२ | |
| **ङ** | **विपद् तथा प्रकोप व्यवस्थापन** | | **४८ लाख** | **३.६७** | |
| १ | COVID 19 रोकथाम, नियन्त्रण तथा ब्यवस्थापन | गाउँपालिका स्तर | ३० लाख | ६२.५० | |
| २ | विपद् ब्यबस्थापन | | १८ लाख | ३७.५० | |
| **च** | **आकस्मिक सडक मर्मत सम्हार** | | **५० लाख** | **३.८२** | |
| १ | सडक सरसफाइ तथा स्तरोन्नति | वडास्तर | ३४ लाख | **६८.००** | |
| | सडक सरसफाइ तथा स्तरोन्नति | गाउँपालिका स्तर | १६ लाख | **३२.००** | |
| | **जम्मा** | | **१३ करोड ९ लाख २९ हजार** | **१००** | |

विगत बर्ष देखि कोभिड-१९ बाट उत्पन्न परिस्थितिको कारण हाम्रो सम्बृद्धिको यात्रामा केही अवरोध खडा भएता पनि हामी सबैको सहमति, सहकार्य, एकता र साझा संकल्प र हातेमालोबाट सम्बृद्ध र सुन्दर विहादी निर्माण गर्ने कार्यमां सफल हुनेछौ भन्ने आशा लिएको छु ।

धन्यवाद नमस्कार ।

डम्बर कुमारी गुरुङ्ग
उपाध्यक्ष
विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वत